10th Feb.2010

आदरणीय अग्निपीडित दाजुभाइ-दिदीबहिनीहरु,

बेलडाँगी १ शिविरमा भएको आग्लागीले संसारका विभिन्न भागमा छरिएर रहेका भूटानीहरुलाई मर्माहत तुल्याएको छ। यस विषम परिस्थितिमा यहाँहरुले भोग्नु परेको पीडा हामी महसुस गर्न सक्छौँ । भौतिक रुपमा हामी तपाईँहरुभन्दा धैरै टाढा भए पनि मानशिक रुपमा हामी तपाईहरुसंगै छौँ। यहाँहरुले दु:खले आर्जन गरेको/भएको सम्पत्ति मात्र गुमाउनु भएको छैन तथापि आफ्ना अमुल्य कागजातहरु पनि टहरासंगै खरानी भएका छन्। यसको क्षतिपूर्ति कतैबाट हुने छैन यद्यपि यस दुखद क्षणमा हामी सबैको साथले यहाँहरुलाई केही न्यानोपना दिन्छ भन्ने विश्वास लिएकाछौँ ।

नर्वेमा भूटानीहरुको ठूलो समूह छैन। पुनर्बासमा आएका हामी भूटानीहरु लामो नर्वेको सुदुर दक्षिणदेखि सुदुर उत्तरसम्म छरिएका छौँ। यस भौगोलिक दुरावस्थाका कारण सहयोग संकलन हामीले सोचे जति सहज र सफल हुन सकेन। हाम्रा क्षमताले भ्याएसम्म संकलित सहयोग रकम यहाँहरुसम्म पु-याउने पहल गरेका छौँ। धैरैका घरहरुसंगै सामानहरु जलेका छन् ; धैरै जना भौतिक रुपमा असक्त/असहाय हुनुहुन्छ। धैरैका घर भत्काइएका छन्; सामान बँचेका छन् । यस अर्थमा सबैले बेहोरेको क्षति समान छैन। हामीले शिविर व्यवस्थापन समितिले तयार गरेको क्षति विवरण प्रयोग गरी सहयोगको ठूलो रकम घर पूर्ण रुपमा जलेका वा भौतिक रुपमा असक्त/असहाय रहेका परिवारमा जाने निर्णय गरेका छौँ। यो नगद सहयोग हुनेछ ता कि यो सानो रकमको प्रयोग गरी आफुलाई चाहिने अत्यावश्यक सामानहरु तपाईँ आफैँ किन्न सक्नुहोस् । सहयोगको बाँकी खण्ड बस्तुस्थितिको अध्ययन गरी अरु अग्निपीडितहरु समक्ष पनि पु-याइने छ।

हामीले Association of Bhutanese in Norway (ABN) को पहलमा संकलन गरेको कुल रकम 6700 NOK रहेको छ। रकम स्थानान्तरण शुल्क ( Money Transfer Fee) का कारण केही रकम न्युनिकृत हुने छ भने बाँकी रकम तपाईहरु समक्ष आइपुग्ने छ। विश्वास छ यो रकम सानो भए पनि आफुले पाएको सामाजिक सहयोगबाट केही हिस्सा काटेर गरिएको सहयोग यहाँहरुले सदासयतापूर्वक स्वीकार्नु हुनेछ र उचित प्रयोग गर्नु हुनेछ।

यो सहयोग रकम यहाँहरु समक्ष पु-याउन सम्भव बनाउनु हुने Bhutan Media Society का श्री विद्यापति मिश्र र श्री विक्रम अधिकारीप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौँ । त्यस्तै क्षति विवरण तयार गर्ने र सहयोग रकम/सामान वितरणमा सहयोग पु-याउने शिविर व्यवस्थापन समितिलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ। सबै मिलेर कामना गरौँ- हामीले यस्तो भवितव्य फेरि बेहोर्नु नपरोस् !

नर्वेमा पुनर्बास भएका भूटानीका तर्फबाट

| | |
|---|---|
| रमेश गौतम | राम बानिया |
| President | Secretary |

***Association of Bhutanese in Norway (ABN)***

*सहयोग गर्नु हुने महानुभाव (family representative) हरुको नामावली:*

| Sl. No. | Name of the Contributor | Address | Amount (NOK) |
|---|---|---|---|
| **Nord-Norge** | | | |
| 1 | Ram Bahadur Baniya | Alta | 200 |
| 2 | Jay Bahadur Baniya | Alta | 200 |
| 3 | Padam Bahadur Baniya | Alta | 200 |
| 4 | Tek Bahadur Baniya | Alta | 200 |
| 5 | Dhan Bahadur Karki | Alta | 200 |
| 6 | Suk Maya Rai | Alta | 200 |
| 7 | Indra Maya Basnet | Alta | 200 |
| 8 | Ram kumari Basnet | Alta | 200 |
| 9 | Deepak chhetri | Alta | 200 |
| 10 | Devi charan Chamalagai | Alta | 200 |
| 11 | Babu Ram Baniya | Vadsø | 100 |
| 12 | Hem Lal Baniya | Vadsø | 100 |
| 13 | Chabi lal Karki | Vadsø | 100 |
| 14 | Tek Bahadur Karki | Vadsø | 100 |
| 15 | Tika Thapa | Vadsø | 100 |
| 16 | Devi Chuwan | Vadsø | 100 |
| 17 | Atal Bahadur Tiwari | Vadsø | 100 |
| 18 | Chandra Tiwari | Vadsø | 100 |
| 19 | Tek Bahadur Tiwari | Vadsø | 100 |
| 20 | Sharba chhetri | Storslett | 200 |

| | | | |
|---|---|---|---|
| *21* | *Mon Bahadur karki* | *Storslett* | *200* |
| *22* | *Hem Raj Gurung* | *Storslett* | *200* |
| *23* | *Prathap Biswakarma* | *Hammerfest* | *100* |
| *24* | *Bishnu Maya Khatiwada* | *Hammerfest* | *100* |
| ***Trondheim*** | | | |
| *25* | *Ganga Maya Bhattrai* | *Trondheim* | *200* |
| ***Rogaland fylkekommune*** | | | |
| *26* | *Bhima Dhungel* | *Ølen* | *200* |
| *27* | *Durga Pd. Tiwari* | *Ølen* | *200* |
| *28* | *Rohit Pokhrel* | *Tysværvåg* | *200* |
| *29* | *Thagi Maya Pokhrel* | *Rindale* | *200* |
| *30* | *Menuka Gautam* | *Førresfjorden* | *200* |
| *31* | *Hari Maya Dhital* | *Haugesund* | *200* |
| *32* | *Krishna Dhital* | *Haugesund* | *200* |
| *33* | *Nanda Kumari Dhital* | *Haugesund* | *200* |
| *34* | *Hem Kumari Rai* | *Haugesund* | *200* |
| *35* | *Radha Biswa* | *Haugesund* | *200* |
| *36* | *Til Bahadur Rai* | *Haugesund* | *200* |
| *37* | *Kishor Ale* | *Koppervik* | *200* |
| *38* | *Durga Puri* | *Koppervik* | *200* |
| *39* | *Jay bahadur Tiwari* | *Koppervik* | *200* |
| *Total* | | | *6700 NOK* |